कान्तिपुर दैनिक- २०७९/०५/१७ (02-09-2022)

# माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. बडा नं. ४, काठमाडौ
फोन नं. ०१ ४३७३०३०, ४३७२८२८,फ्याक्स नं. ४०१५७९९
Email: mailung@sanimahydro.com

## नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०५/१७)

**श्री शेयरधनी महानुभावहरू,**

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको सञ्चालक समितिको मिति २०७९ भाद्र १२ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयधनी महानुभवहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ आश्विन ०९ गते आइतबार (२५ सेप्टेम्वर, २०२२) ।
समय : विहान ११:०० बजे
स्थान : अकामा होटेल, का.म.न.पा. -४, धुम्बाराही, काठमाण्डौ ।

**छलफलका प्रस्तावहरू :**

**नवौं वार्षिक साधारण सभामा पेश गरिने प्रस्तावहरू:**

**(क) साधारण प्रस्तावहरू:**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल तथा निर्णय पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणरसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।
३. आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
४. संस्थापक शेयरधनीहरूको समुह 'क' को तर्फबाट प्रतिनिधित्व गर्ने १ जना महिला सञ्चालकको नियुक्ति/ निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू:**

१. कम्पनीको अधिकृत पूँजीमा वृद्धि गर्ने:
२. कम्पनीको अधिकृत पूँजी वृद्धि तथा पूँजीगत संरचनामा र सञ्चालक समितिमा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियममा संशोधन गर्ने:

**(ग) शेयरको सार्वजनिक निष्काशन तथा अख्तियारी सम्बन्धी प्रस्तावहरू:**

१. कम्पनीको शेयरको सार्वजनिक निष्काशन (Initial Public Offering-IPO) गर्ने ।
२. आयोजना (उद्योग) प्रभावित क्षेत्रका बासिन्दाहरूका लागि छुट्याईको शेयरको विक्री तथा बाँडफाँड गर्ने ।
३. कम्पनीको शेयरको सर्वाजनिक निष्काशन (Initial Public Offering-IPO) बाट प्राप्त हुने कुल रकमको उपयोग सम्बन्धी वित्तिय योजना तथा रणनीतिंहरू निर्धारण गर्ने ।
४. कम्पनीको पूँजी वृद्धि तथा नियमानुसार प्रबन्धपत्र तथा नियमावलीको संशोधनको अभिलेख गर्ने, गराउने र कम्पनीको शेयरको सार्वजनिक निष्काशन (Initial Public Offeing-IPO) का लागि आवश्यक कागजात, विवरण तथा दस्तुर संलग्न राखि सम्बन्धित नियामक निकायमा निवेदन गर्न र नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक कार्यहरू गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(घ) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**